# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकका ग्राहकहरुलाई लेमन ट्रि प्रिमियर तथा टेस्ला डाएगनोस्टीक मा विशेष छुट

मिति: २०८३/०४/२७

मुक्तिनाथ विकास बैंक लि.ले आफ्नो ग्राहकहरुलाई थप सेवा दिन काठमाडौंको बुढानिलकण्ठमा रहेको " लेमन ट्रि प्रिमियर बुढानिलकण्ठ होटेल (Lemon Tree Premier Budanilkantha)" र काठमाडौंको बालुवाटारमा रहेको " टेस्ला डाएगनोस्टीक (Tesla Diagnostic) " संग विभिन्न सेवासुविधाहरुमा छुट प्रदान गर्ने गरी व्यवसायिक सम्झौता गरेको छ ।






यस व्यवसायिक सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका ग्राहकहरुले यस होटेलमा बसाई तथा खानामा १५% सम्म छुट र स्पामा २० % सम्म छुट प्राप्त गर्न सक्नेछन् । साथै, टेस्ला डाएगनोस्टीकमा प्याथोलोजी टेस्ट, MRI, X-Ray, डेन्टल OPG, औषधी तथा अन्य धेरै सुविधाहरुमा ५ देखि १० % सम्म छुट प्राप्त गर्न सक्नेछन्। छुटका लागि बैंकका ग्राहकहरुले बैंकको मान्य डेबिट कार्ड/ प्रिभिलेज कार्ड पेश गर्नुपर्ने छ वा बैंकको मोबाइल बैंकिङ्ग द्धारा भुक्तानी गर्नु पर्नेछ । मुक्तिनाथ विकास बैंकले ग्राहकको आवश्यकता र बदलिँदो बजार परिवेश अनुरूप सरल, सहज तथा प्रतिस्पर्धी वित्तीय सेवा उपलब्ध गराउँदै आएको छ। साथै, बैंकले विशेष आधार दर + ० प्रतिशत प्रिमियममै लगानी गर्न विशेष अटो लोन योजना ल्याएको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग